# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १८] काठमाडौं, कार्तिक ६ गते २०२५ साल [अतिरिक्ताङ्क २१

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाह देवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०२५ सालको ऐन नं. ११

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाह देव देवानाम् सदा समरविजयिनाम्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## प्राथमिक र माध्यमिक शिक्षाको व्यवस्था गर्न बनेको ऐन ११

प्रस्तावनाः– सर्वसाधारण जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्न विद्यालयमा दिइने शिक्षाको रूप र स्तर तथा विद्यालयहरूको स्थापना, सञ्चालन, नियन्त्रण समेतको व्यवस्था गरी प्राथमिक र माध्यमिक शिक्षाको सर्वाङ्गीण विकास गर्नु वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः– (१) यस ऐनको नाम "शिक्षा ऐन, २०२५" रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्य भर लागू हुनेछ ।

(३) यो ऐनको दफा १ तुरुन्त प्रारम्भ हुनेछ र अरू दफाहरू वा कुनै दफा श्री ५ को सरकारबाट नेपाल राजपत्रमा समय समयमा सूचना प्रकाशित गरी तोकी दिएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा––

(क) "पूर्व प्राथमिक विद्यालय" भन्नाले ३ वर्ष उमेर पूरा गरेका तर ५ वर्ष उमेर पूरा भै नसकेका बालबालिकाहरूलाई पूर्व प्राथमिक शिक्षा दिने विद्यालय सम्झनु पर्छ ।

(ख) "प्राथमिक विद्यालय" भन्नाले १ देखि ५ कक्षासम्म भएको प्राथमिक शिक्षा दिने विद्यालय सम्झनु पर्छ ।

(ग) "माध्यमिक विद्यालय" भन्नाले ६ देखि १० कक्षासम्म भएको माध्यमिक शिक्षा दिने विद्यालय सम्झनु पर्छ ।

(घ) "प्रौढ विद्यालय" भन्नाले १६ वर्ष उमेर पुगी सकेका वयस्कहरूलाई माध्यमिक शिक्षा दिन ४ कक्षा भएको विद्यालय सम्झनु पर्छ ।

(ङ) "विद्यालय" भन्नाले पूर्व प्राथमिक विद्यालय, प्राथमिक विद्यालय, माध्यमिक विद्यालय र प्रौढ विद्यालय सम्झनु पर्छ ।

(च) "सरकारी विद्यालय" भन्नाले श्री ५ को सरकारले खोलेको वा चलाएको विद्यालय सम्झनु पर्छ ।

(छ) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक वा मुख्य अध्यापक समेत जनाउँछ ।

(ज) "प्रवेशिका परीक्षा (स्कूल लिभिङ्ग सर्टिफिकेट एक्जामिनेशन)" भन्नाले माध्यमिक शिक्षाको अन्त्यमा हुने परीक्षा सम्झनु पर्छ ।

(झ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा आदेशद्वारा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. विद्यालयको स्थापना र मान्यताः– (१) श्री ५ को सरकार बाहेक अरू कसैले विद्यालय खोल्न चाहेमा तोकिएको अधिकारीबाट तोकिए बमोजिम अनुमति लिनु पर्छ ।

(२) तोकिएको अधिकारीको अनुमति नलिई कसैले कुनै प्रकारको विद्यालय खोलेमा वा अनुमति प्राप्त गरी खुलेका कुनै विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको पालना नगरेमा श्री ५ को सरकारले त्यस्तो विद्यालयलाई बन्द गर्न आदेश दिन सक्नेछ ।

(३) उप-दफा (१) अनुसार अनुमतिलिई खोलिएको विद्यालयलाई तोकिएको शर्त बन्देज पालना गरेको देखिएमा श्री ५ को सरकारको स्वीकृति प्राप्त हुन सक्नेछ ।

(४) उप-दफा (३) बमोजिम स्वीकृति पाई सञ्चालन भै रहेको कुनै विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बखिलाप काम गरेमा त्यस्तो विद्यालयको स्वीकृति श्री ५ को सरकारले झिक्न सक्नेछ र त्यस्तो विद्यालयलाई बन्द गर्ने आदेश दिन सक्नेछ ।

४. विद्यालयको सञ्चालनः– विद्यालयको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

५. विद्यालयको पाठ्यक्रम, पाठ्यपुस्तक र सहयोगी कार्यक्रमः– प्रत्येक विद्यालयले श्री ५ को सरकारबाट स्वीकृत पाठ्यक्रम, पाठ्यपुस्तक र सहयोगी कार्यक्रम अपनाउनु पर्नेछ ।

६. प्रवेशिका परीक्षा र पूर्व मध्यमा परीक्षाः– प्रवेशिका परीक्षा (स्कूल लिभिङ सर्टिफिकेट एक्जामिनेशन) र पूर्व मध्यमा परीक्षाको परिचालन र नियन्त्रण तोकिए बमोजिम हुनेछ ।

७. शिक्षाको माध्यमः– (१) प्रत्येक विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा हुनेछ । तर पाठ्यक्रममा तोकिएको कुनै विषयको शिक्षा र परीक्षा नेपाली भाषा बाहेक अरू भाषामा पनि हुन सक्नेछ ।

(२) श्री ५ को सरकारले उप-दफा (१) मा उल्लेख भएको सबै वा कुनै व्यवस्था कुनै विद्यालयको हक्मा लागू नहुने गरी छुट दिन सक्नेछ ।

८. शिक्षा विभागले निर्देशन दिने र अधिकार सुम्पनेः– (१) शिक्षा विभागले समय समयमा निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन सबै विद्यालयहरूले पालन गर्नुपर्नेछ ।

(२) शिक्षा विभागले आफ्नो अधिकार र कर्तव्य तोकिएको अधिकारीलाई सुम्पन सक्नेछ ।

९. शिक्षण संस्थाको सम्पत्तिः– शिक्षण संस्थाको हक वा भोगमा रहेको देहाय बमोजिमका सम्पत्तिहरू सार्वजनिक सम्पत्ति मानिने छ कुनै व्यक्तिको व्यक्तिगत सम्पत्ति मानिने छैनः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) शिक्षण संस्थालाई प्राप्त भएको चन्दा वा अनुदान,

(ख) शिक्षण संस्थालाई हक छाडी दिइएका सबै चल अचल सम्पत्तिहरू,

(ग) शिक्षण संस्थाको फी, शुल्क जरीवाना इत्यादिबाट प्राप्त भएका सम्पत्तिहरू, र

(घ) खण्ड (क), (ख) र (ग) मा उल्लेख भएका सम्पत्तिहरूबाट बढे बढाएको वा खरीद गरिएका अन्य सम्पत्तिहरू ।

१०. सजायः– यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उल्लंघन गरेमा तोकिएको अधिकारीले तोकिएको अवस्थामा देहाय बमोजिम सजाय गर्न सक्नेछः–

(क) विद्यालयका कर्मचारीलाई विभागीय सजाय गर्ने,

(ख) विद्यार्थीलाई विद्यालय वा परीक्षाबाट निष्काशन गर्ने,

(ग) कसूर अनुसार बढीमा रु. ५००।– सम्म जरिवाना गर्ने,

(घ) विद्यालयलाई स्वीकृति नदिने वा दिइएको स्वीकृति झिक्ने वा सरकारी सहायता रोक्ने, घटाउने वा बन्द गर्ने,

(ङ) दफा ३ को उप-दफा (२) अन्तर्गतको आदेश पालन नगर्ने विद्यालयको सम्पत्ति जफत गरी शिक्षण कार्यको लागि प्रयोग गर्ने ।

११. पुनरावेदनः– दफा १० बमोजिम हुने सजाय गर्ने गरी दिइएको आदेश उपर तोकिएको कुरामा तोकिएको अधिकारी समक्ष र कुनै सम्पत्ति जफत गर्ने गरी भएको आदेश उपर अंचल अदालतमा पुनरावेदन लाग्नेछ ।

१२. नियम बनाउने अधिकारः– (१) यो ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले नियमहरू बनाउन सक्नेछ ।

(२) उप-दफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपारी सो नियमहरुद्वारा खासगरी देहायका कुराको व्यवस्था हुन सक्नेछः–

(क) विद्यालय खोल्ने अनुमति,

(ख) विद्यालयको स्वीकृति,

(ग) विद्यालयको झण्डा, चिह्न र प्रार्थना,

(घ) विद्यार्थीहरूलाई लाग्ने शुल्क र सो असूल गर्ने तरीका,

(ङ) विद्यालयलाई दिइने सरकारी सहायता,

(च) सञ्चालक समितिको गठन, अधिकार र कर्तव्य,

(छ) विद्यालयको पाठ्यक्रम, पाठ्यपुस्तक र सहयोगी कार्यक्रमको निर्धारण,

(ज) सह-शिक्षा बारे,

(झ) निःशुल्क र अनिवार्य प्राथमिक शिक्षा सम्बन्धी व्यवस्था,

(ञ) विद्यालयको आवधिक र वार्षिक परीक्षा,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ट) प्रवेशिका परीक्षा र पूर्व मध्यमा परीक्षा परिचालन र नियन्त्रण,
(ठ) विद्यालयका कर्मचारीहरूको बहाली, बर्खासी र सेवा सम्बन्धी अन्य शर्त,
(ड) शिक्षक शिक्षणको कार्यक्रम,
(ढ) मुख्य अध्यापक वा प्रधानाध्यापकको अधिकार र कर्तव्य,
(ण) विद्यालयमा विद्यार्थी भर्ना गर्ने तरीका र विद्यार्थीहरूको संख्या,
(त) छात्रावास चलाउने तरीका,
(थ) पुस्तकालय खोल्ने अनुमति तथा सञ्चालन,
(द) विद्यालयका किताब, बही र अन्य कागजपत्र तयार गर्ने र राख्ने विषय,
(ध) विद्यालयको आम्दानी खर्चको जाँच,
(न) विद्यालयको निरीक्षण र तत्सम्बन्धी प्रतिवेदन,
(प) विद्यालय निरीक्षकहरूको प्रशासकीय र आर्थिक अधिकार,
(फ) शिक्षा समितिको गठन, अधिकार र कर्तव्य,
(ब) शिक्षक तथा विद्यार्थीहरूको आचार संहिता,
(भ) अध्यापन अधिकारपत्र दिने विषय,
(म) प्रौढ साक्षरता सम्बन्धी व्यवस्था,
(य) विद्यालयको सम्पत्तिको सुरक्षा ।

१३. खारेजीः– शिक्षा ऐन, २०१९ र त्यसमा भएको संशोधन खारेज गरिएको छ ।

लालमोहर सदर मिति २०२५।७।६।६

आज्ञाले–
रमानन्दप्रसाद सिंह
श्री ५ को सरकारको का. मु. सचिव ।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।